तेल उत्पादन बढाउने ओपेकको निर्णय

फ्रान्कफर्ट– तेल उत्पादक राष्ट्रहरूको संगठन (ओपेक) र यससँग आबद्ध तेल उत्पादक राष्ट्रहरूले प्रति दिन थप २१ लाख ब्यारेल कच्चा तेल उत्पादन गर्ने योजना अघि सारेका छन् । कोरोनाभाइरस महामारीको प्रभाव कम देखिन थालेका मुलुकहरूबाट तेलको माग बढेको र तेलको मूल्य बढेका कारण उत्पादन बढाउने निर्णयमा ओपेक पुगेको हो ।

ओपेकका सदस्य एवं तेल उत्पादक राष्ट्रहरूका ऊर्जा मन्त्रीहरूको मङ्गलबार भएको अनलाइन बैठकमा यस्तो निर्णय गरिएको हो ।

साउदी अरेबियाका ऊर्जा मन्त्री राजकुमार अब्दुलाजिज बिन सल्मानले पछिल्ला दिनहरूमा तेलको बजारमा देखिएको मागका कारण तेल उत्पादन बढाउने निर्णय सही देखिएको छ भने । उनले ऊर्जाको माग र आर्थिक गतिविधिको पुनरुद्धारमा अझै पनि 'क्षितिजमा कालो बादल' अझै देखिएको बताए ।

ओपेकले मे देखि जुलाईका तीन महिनाको अवधिमा प्रति दिन २१ लाख ब्यारेल तेल उत्पादन गर्ने यसअघि नै जनाइसकेको थियो । अब ओपेकले जुनमा प्रति दिन तीन लाख ५० हजार ब्यारेल तथा जुलाईमा चार लाख ४० हजार ब्यारेल प्रति दिन थप उत्पादन गर्नेछ । साउदी अरेबियाले प्रति दिन १० लाख ब्यारेल पुनः उत्पादन गर्नेतर्फ विचार गर्न थालेको छ । कोभिडका कारण विश्वभर तेलको माग घटेको भन्दै ओपेकको प्रमुख राष्ट्र साउदी अरेबियाले प्रति दिन १० लाख ब्यारेल तेल उत्पादन कटौती गर्न राजी भएको थियो ।

ओपेकको प्रमुख सदस्य राष्ट्र साउदी अरेबिया र ओपेकको सदस्य नरहेको रसियाबीच तेल उत्पादनको कोटलाई लिएर केही वर्षदेखि विवाद उत्पन्न हुँदै आएको छ । हाल कोभिडको दोस्रो लहरबाट प्रभावित भारत समेतका मुलुकहरूका कारण तेलको खपतमा कमी आउने, विश्वव्यापी मागमा कमी आउने र तेलको मूल्यवृद्धि हुने आशंका छ ।

तेल उत्पादक राष्ट्रहरूले सन् २०२० मा कोभिडका कारण तेलको मूल्यलाई स्थायित्व दिन तेल उत्पादन कटौती गरेका थिए । अहिले परिस्थितिमा केही सुधार आएसँगै तेल उत्पादक राष्ट्रहरूले बिस्तारै तेलको उत्पादन बढाउनेतर्फ लागेका छन् ।

अहिले विश्व बजारमा तेलको मूल्यमा निधै सुधार आएको छ र मङ्गलबार मात्र दुई वर्ष यताकै सबैभन्दा बढी मूल्य कायम भएको छ । संयुक्तराज्य अमेरिका, युरोप र एसियामा वर्षको मध्यदेखि ऊर्जाको माग बढ्दैछ । हवाई उडान थपिने भएकाले पर्यटकको आवागमन बढ्नेछ जसका कारण तेलको माग थपिने ओपेकको भनाइ छ ।

मङ्गलबार अमेरिकी कच्चा तेलको मूल्य २ प्रतिशत वृद्धि भई ६७.७२ डलर प्रति ब्यारेल पुगेको थियो । ब्रेन्ट कुडको कारोबारमा पनि २.७ प्रतिशतले वृद्धि भई प्रति ब्यारेल ७१.१७ डलर कायम भएको थियो । ब्रेन्ट कुडको मूल्य विगत दुई वर्षको अवधिमा यो सबैभन्दा बढी हो । अमेरिकी कच्चा तेलको मूल्य तीन वर्षयताकै सबैभन्दा बढी हो ।

बुधबार तेलको मूल्यमा सामान्य वृद्धि भएको छ । अमेरिकी बेन्चमार्क १६ सेन्टले वृद्धि भएर प्रति ब्यारेल ६७.८८ डलर कायम भएको छ भने ब्रेन्ट कुडको मूल्य १८ सेन्टले वृद्धि भई प्रति ब्यारेल ७०.४३ डलर पुगेको छ ।

तेलको मूल्यमा यस वर्षको शुरुदेखि हालसम्म ३० प्रतिशतभन्दा बढीले वृद्धि भइसकेको छ । (रासस-एपी)

चिनियाँ र अमेरिकी अर्थमन्त्रीबीच भिडियो वार्ता

बेइजिङ–चीनका प्रमुख व्यापार प्रतिनिधि र अमेरिकी अर्थमन्त्री जानेट येलेनबीच पहिलो पटक बुधबार भिडियो संवाद भएको छ । तर दुबै पक्षले पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासन र चीनबीच जारी करवृद्धि युद्ध कहिले समाप्त हुन्छ भन्ने बारेमा केही बताएका छैनन् ।

चीनका प्रमुख व्यापार प्रतिनिधिका रूपमा उपप्रधानमन्त्री लिउ हे ले नेतृत्व गरिरहनु भएको छ । दुबै नेताले आर्थिक स्थिति, द्वीपक्षीय सहयोग तथा आपसी चासोका अरु विषयमा छलफल गर्नु भएको चीनको वाणिज्य मन्त्रालयले जनाएको छ ।

उता अर्थमन्त्री येलेनको कार्यालयले दुबै मुलुकका आपसी चासोका विषयमा खुला छलफल भएको जानकारी दिएको छ, तर वार्तामा के कुरा भए भन्ने खुलाएको छैन ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले पूर्ववर्ती राष्ट्रपति ट्रम्पले चीनसँग शुरु गर्नु भएको करयुद्ध कसरी सम्बोधन गरिनेछ भन्ने बारेमा अहिलेसम्म केही बताउनु भएको छैन ।

ट्रम्पले चीनको औद्योगिक नीति र चीन-अमेरिका व्यापार घाटाको विषयलाई लिएर चीनबाट आयात हुने सामानमा शृंखलाबद्ध करवृद्धि गर्नु गर्नु भएको थियो । जवाफमा चीनले पनि अमेरिकी सोयाबिन र अरु सामानमा करवृद्धि गर्नुका साथै कतिपय अमेरिकी सामानको आयात रोकेको थियो ।

चिनियाँ उपप्रधानमन्त्री लिउले गत साता अमेरिकी व्यापार प्रतिनिधि क्याथरिन टाईसँग पनि फोनमा कुराकानी गर्नु भएको थियो । टाईको कार्यालयले दुबै देशबीचको व्यापार सम्बन्धको समीक्षा गरिरहेको बारेमा चिनियाँ पक्षलाई जानकारी दिइएको जनाएको छ ।

दुबै देशका व्यापार प्रतिनिधिहरूबीच कोभिड-१९ का कारण सन् २०२० को शुरुदेखि नै प्रत्यक्ष भेटवार्ता हुन सकेको छैन । तल्लो तहका अधिकारीहरूबीच फोनबाटै कुराकानी भइरहेका छन् ।

ट्रम्पकै कार्यकालमा चीन र अमेरिकाबीच पहिलो चरणको सम्बन्ध सामान्यीकरण सम्झौता सन् २०१९ मै भएको थियो । उक्त सम्झौतामा थप करवृद्धि योजना तत्कालका लागि स्थगन गर्ने र कतिपय करवृद्धि प्रस्ताव फिर्ता लिइने उल्लेख छ ।

चीनले पनि अमेरिकी सोयाबिनको आयात गर्ने र अमेरिकी अरु सामानको खरिदलाई बढाउने प्रतिबद्धता जनाएको थियो । तर कोभिड-१९ का कारण विश्वव्यापी व्यापारमा मन्दी छाएसँगै चीनले अमेरिकी प्रतिबद्धता पूरा गर्न सकेको छैन । (रासस-एपी)

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७८/०२/२०)

चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय,चौतारा,सिन्धुपाल्चोकवाट मिति २०७७/१२/०९ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिका र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्रको मुल्यांकन गर्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएका निम्न बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकाले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि.नं.	ठेक्का नं.	निर्माण कार्यको प्रकृति	सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (भ्याट, PS Item र कन्टिजेन्सी बाहेक)
१	CSGM/NCB/ WORKS-18/077-78	Upgrading Works In Narsingdada Khelmaidan,CSGM-13,Package II	श्री Bhadaure Ganesh Nirman Sewa,Sinamangal-9, Kathmandu	१,७८९,९३८।००
२	CSGM/NCB/ WORKS-19/077-78	Upgrading Works In Bhirkuna-Gidane Road Sector,CSGM-06,Package II	श्री Super Junior Bomjan Nirman Sewa,CSGM-1	२,६६५,०७१।०७
३	CSGM/NCB/ WORKS-20/077-78	Construction of Dumre-Simle Lift Water Supply Project CSGM-11	श्री Bajra Nirman Sewa,CSGM-4	३,५७६,५९१।९७
४	CSGM/NCB/ WORKS-21/077-78	Bituminous Premix Carpeting(Black Top) Works In Aahaldada-Chap-Melchour Road Sector,CSGM-05	श्री Sindhu Jugal Construction & Suppliers,SCGM-12	५,०५७,४९०।३०
५	CSGM/NCB/ WORKS-22/077-78	Construction of Audhogik Gram,CSGM-04	श्री Bajra Nirman Sewa,CSGM-4	३,४२०,२११।१५

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका

रिलायन्स फाइनान्स लि.को एघारौ बार्षिक साधारण सभाको निर्णय माईन्यूट विवरण
कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा ३ को प्रयोजनार्थ प्रकाशित

यस रिलायन्स फाइनान्स लि.को मिति २०७७/१२/२२ गते बसेको संचालक समितिको २६९ औ बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको एघारौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री कुश प्रसाद मल्लीज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत् बसी देहायका विषयहरु उपर छलफल गरि देहाय बमोजिम निर्णयहरु भयो ।

१. साधारणसभा बसेको मिति समय स्थान: (**virtual** माध्यमबाट संचालन गरिने)
मिति: २०७८ साल बैशाख महिना २२ गते बुधबार (तदनुसार May 5, 2021)
स्थान: संस्थाको मुख्य कार्यालय प्रर्दशनीमार्ग काठमाण्डौ ।
समय: दिनको ११ बजे ।
(अनलाईन भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत बैठक सम्पन्न भएको)

२. सभाको सूचना र बैधानिकता तथा सभापतित्व:
कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम संस्थाको एघारौं बार्षिक साधारणसभा भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) को माध्यमबाट संचालन गर्ने सम्बन्धी सुचना तथा सभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सहितको सूचना आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक मिति २०७७/१२/२५ तथा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक मिति २०७८/०१/०९ मा प्रकाशित गरेकोमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौले मिति २०७८/०१/१६ गते देखि मिति २०७८/०१/२२ गते राती १२ सम्म काठमाण्डौ जिल्लाभर लागू हुने गरी निषेधाज्ञाको आदेश जारि गरेको हुँदां उक्त साधारण सभा संस्थाको मुख्य कार्यालय प्रर्दशनीमार्गमा भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत् हुने भनि आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८/०१/१५ गते सूचना शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो । साथै भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मा सहभागी हुनका लागि शेयरधनीहरुलाई शेयरधनी लगतमा उपलब्ध मोबाईल नं. मा Virtual Zoom Meeting को युजर नेम र पासवर्ड SMS मार्फत् उपलब्ध गराईएको थियो । उक्त सभाको सभापतित्व गरिदिन सञ्चालक समितिका अध्यक्ष श्री कुश प्रसाद मल्लीज्यूलाई अनुरोध गरिएपछि वहााले सभाको सभापतित्व गर्नुभयो ।

३. उपस्थिति:

(क) संचालक उपस्थिति:

१. श्री कुश प्रसाद मल्ली	अध्यक्ष
२. श्री सुरकृष्ण वैद्य	संचालक
३. श्री रवि कृष्ण श्रेष्ठ	संचालक
४. श्री तुलसी प्रसाद बराल	संचालक
५. श्री उपेन्द्र बहादुर कार्की	संचालक
६. श्री श्वेता कक्षपती (शाक्य)	संचालक
७ श्री विनोद कुमार तण्डुकार	स्वतन्त्र संचालक

(ख) प्रतिनिधी उपस्थिति:

१. श्री महेश्वरेन्द्र बहादुर श्रेष्ठ (एफसिए)	वाहय लेखा परिक्षक
२. अधिवक्ता श्री डा. गोकुल बुर्लाकोटी	कानूनी सल्लाहाकार (अभौतिक रुपमा)
३. अधिवक्ता श्री निर बहादुर पौडेल	कानूनी सल्लाहाकार (अभौतिक रुपमा)

(ग) पदाधिकारी उपस्थिति:

श्री अनिल श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत
श्री समाज प्रकाश श्रेष्ठ	उप प्रमुख कार्यकारी अधिकृत
श्री युज कुमार भैल	कम्पनी सचिव
श्री विष्णुलाल श्रेष्ठ	मुख्य प्रबन्धक
श्री ओमकार मणि आचार्य दिक्षित	मुख्य प्रबन्धक
श्री दिक्पाल श्रेष्ठ	प्रबन्धक

(घ) शेयरधनी उपस्थिति:
१. शेयरधनी स्वंय उपस्थिति: ११ जना ४,३६,८१५ कित्ता ।
२. प्रतिनिधि मार्फत ११२ जना तथा जुम मार्फत ८२५ जना उपस्थिति भई जम्मा ३९,५६,१०० कित्ताको प्रतिनिधित्व गरेको ।
३. जम्मा उपस्थिति: ४३,९२,९१५ कित्ता

४. गणपूरक संख्या
कुल जारी शेयर ८३,२४,१६०.६३ कित्ता मध्ये ४३९२९१५ कित्ता शेयरको प्रतिनिधित्व गर्दै ११ जना शेयरधनीको स्वंय उपस्थिति भएको, प्रोक्सि ११२ तथा भर्चुअल (Virtual Zoom Meeting) माध्यमबाट ८२५ जना शेयरधनीहरुले भाग लिई जम्मा ५२.७७ प्रतिशत शेयरको उपस्थिति भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभाको लागि गणपुरक संख्या पुगेको छ ।

५. सभाको वैधानिकता:
कम्पनी ऐन, २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत् संचालन हुने गरि बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ अनुसार साधारण सभाको गणपुरक संख्या पुगेको हुदां बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम संस्थाको एघारौं बार्षिक साधारण सभामा स्वयम, प्रतिनिधि तथा भर्चुअल माध्यम बाट शेयरधनी उपस्थित भई कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभाको लागि गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको बैठकमा जानकारी गराइयो र सभा शुरु गरियो ।

६. छलफलको विषयहरु:
क. सामान्य प्रस्तावहरु:
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने एघारौं बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०७६/७७ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.ब. २०७७/७८ को लेखापरीक्षण गर्नका लागि लेखापरिक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे । (बर्तमान लेखापरिक्षक एफ.सि.ए. महेश्वरेन्द्र बहादुर श्रेष्ठ पुनः नियुक्त हुन योग्य हुनु हुन्छ)
४. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७६/०७७ मा भएको मुनाफाबाट संस्थाको चुक्ता पूँजी रु. ८३,२४,१६,०६३/- को १० प्रतिशत बोनश शेयर वितरण गरिने हुँदां सो बापत कर प्रयोजनार्थ नगद लाभांश ०.५३ प्रतिशतले हुने रकम रु.४३,८१,१३७/- वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
५. विविध ।

ख. विशेष प्रस्तावहरु
१. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७६/०७७ मा भएको मुनाफाबाट संस्थाको चुक्ता पूँजी रु. ८३,२४,१६,०६३/- को १० प्रतिशतका दरले हुने रु. ८,३२,४१,६०६/- बराबरको बोनश शेयर जारी गर्ने र सो बापत कर प्रयोजनार्थ ०.५३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने तथा बोनश शेयर वितरण गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव स्विकृत गर्ने ।
२. संस्थाको एघारौं बार्षिक साधारण सभाको निर्णय बमोजिम जारि गरेको १० प्रतिशत बोनश शेयर प्रदान गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी रु. ९१,५६,५७,६६९/- (अक्षरेपी एकानब्बे करोड छपन्न लाख सत्ताउन्न हजार छ सय उनान्सत्तरी) कायम गरि प्रबन्धपत्र संशोधन गरि संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र तद्अनुरुप हुने गरि संस्थाको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन, परिमार्जन र थप गर्ने ।
३. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
४. प्रबन्धपत्र नियमावली संशोधनमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

७. वार्षिक प्रतिबेदनको प्रस्तुति:
सभामा वित्तीय संस्थाका अध्यक्ष तथा सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र छलफलका लागि विषय प्रस्तुत गर्दै सभा समक्ष पेश गर्नु भयो ।

८. छलफलको लागि आह्वान तथा सहभागी शेयरधनी महानुभावहरुको नामावली:
वित्तीय संस्थाको आ.व. २०७६/७७ को बार्षिक प्रतिवेदन, अर्थात संस्थाको एघारौं साधारण सभाको प्रतिवेदन सहित, २०७७ आषाढ मसान्त सम्मको बासलात, सोही मितिमा समाप्त आ.ब. २०७६/७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन शेयरधनीहरु समक्ष अनुरोध गर्दा निम्न बमोजिमका शेयरधनीहरुले निम्न अनुसारको जिज्ञासा, प्रतिकृया तथा सुझावहरु राख्नु भयो: १. श्री अमृत नाथ रेग्मी, २. श्री राम गोपाल महर्जन, ३. श्री रोज कुमार श्रेष्ठ, ४. श्री नरसिं लाल चखु, ५. श्री महेन्द्र बहादुर श्रेष्ठ, ६.श्री शत्रुधन श्रेष्ठ, ७. श्री शिव प्रसाद पौडेल, ८. श्री चन्द्र नारायण श्रेष्ठ, ९. श्री कृष्ण प्रसाद अधिकारी ।

९. शेयर धनीहरुले सभामा राखेका मुख्य मुख्य जिज्ञासा तथा सुझावहरु (सार संक्षेपमा):

शेयरधनी श्री अमृतनाथ रेग्मी: संस्थाले विगत समय देखि नै राम्रो प्रतिफल दिदै आएकोमा यस कोभिड १९ को महामारीमा पनि १० प्रतिशत वोनश शेयर तथा कर प्रयोजनार्थ ०.५३ प्रतिशत नगद लांभाश दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । संस्थाको पूँजीं करिव १ अर्ब भई सकेको छ । संस्थाको तेश्रो त्रैमासिक प्रतिवेदन असाध्यै राम्रो रहेको छ । प्रतिवेदनमा संस्थाको प्रतिवेदन साथै अध्यक्षज्यूको मन्तव्य र पााच बर्षको बार्षिक योजना पेश गर्नु राम्रो हुने सुझाव दिन चाहन्छु । संस्था मर्जर गर्दा विचार पुन्याउनु पर्ने, सानो सानो संस्था मिलि ठुलो हुनु पर्ने सुझाव दिन चाहन्छु । शेयरको भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्नु भन्दा नजिकैको अंकमा लगि whole अंकमा लानका लागि सुझाव दिन चाहन्छु । संस्थाको आफ्नै बासस्थान आवश्यक भएकोले यथासिध्र संस्थाको कार्यालयको लागि घर जग्गा खरिद गर्न सुझाव दिन चाहन्छु । अध्यक्षको प्रतिवेदनमा एक जना डाईरेक्टरको पनि हस्ताक्षर राख्नु पर्ने । संस्थाको प्रगति राम्रो छ मेरो शुभकामना छ । धन्यबाद ।

शेयरधनी श्री राम गोपाल महर्जन: संस्थाको संचालक समिति व्यवस्थापनलाई १० प्रतिशत वोनश शेयर दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । संस्थाको निक्षेप र कर्जा बृद्धि भएको देखिएकोले बधाई दिन चाहन्छु । संस्थाको प्रगति राम्रो छ सधै राम्रो गर्न सकोस साथै साधारण सभाको सफलताको कामना गर्न चाहन्छु । धन्यवाद ।

शेयरधनी श्री रोज कुमार श्रेष्ठ: संस्थाले प्रगति गरेको अवस्था रहेको छ । कर्जा र निक्षेप बढेको छ । यस अवस्थामा पनि संस्थाले समय सापेक्ष अन्य बैंक तथा वित्तीय संस्था संग मर्जरमा जाने प्रस्ताब राख्नु भएको छ उक्त प्रस्ताव स्वागत गर्न चाहन्छु साथै राम्रो संस्था संग मर्ज गर्न शुभकामना व्यक्त गर्न चाहन्छु । अध्यक्षले आफ्नो भनाई पनि प्रतिवेदनमा समावेश गरेमा राम्रो हुने थियो । आजको ZOOM मिटिङ्को प्रबन्ध राम्रो भएको पाईयो । आजको साधारण सभाको सफलताको कामना गर्न चाहन्छु । धन्यवाद ।

शेयरधनी श्री नरसिंलाल चखु: कम्पनीको रिपोर्ट राम्रो आएको छ । लगानीकर्ताको हितलाई ध्यान दिएकोमा संचालक समिति तथा व्यबस्थापनलाई धन्यबाद दिन हुन चाहन्छु । व्यबस्थापकीय क्षमतामा प्रगती गरेको पाईयो । संस्थाले शाखा विस्तार गरेको र प्रगती गर्दै गएको देखिएको छ । संस्थागत सुशासन, विजनेश प्लान, मार्केटिङ्ग प्लान राम्रो गरेको पाईयो । मर्जर गर्दा ए क्लास बैंक संग मात्र गर्नु मेरो सुझाव छ । CSR राम्रो छ । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु, धन्यवाद ।

शेयरधनी श्री महेन्द्र श्रेष्ठ: यस कोरोनाको कहरमा पनि अभौतिक रुपमा जुम मार्फत बार्षिक साधारण सभा गरेकोमा धन्यवाद छ । कोरोनाको कहरमा कम्पनी नाफामा लानु भन्दा पनि कसरी वाच्ने भन्ने मुख्य कुरा हुन आएको छ । कम्पनीका कर्मचारीहरुले जोखिम मोलेर कार्य गर्नु पर्ने देखिन्छ । कम्पनीको CSR राम्रो छ । कोभिडबाट प्रभावितहरुको उपचार रोकथाम समेतमा संस्थाले CSR अन्तर्गत कार्य गर्न सुझाव दिन चाहन्छु । संस्थाको उत्तरोउत्तर प्रगति होस भन्ने कामना गर्दछु, धन्यवाद ।

शेयरधनी श्री शत्रुधन श्रेष्ठ: शेयरधनीलाई १० प्रतिशत वोनश शेयर तथा कर प्रयोजनार्थ ०.५३ प्रतिशत नगद लााभाश दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । संस्थाले विगत समय देखि नै राम्रो प्रतिफल दिदै आएकोमा यस कोभिड १९ को महामारीमा पनि बोनश दिन सक्नु भएको छ । संस्थाको निक्षेप र कर्जा बृद्धि भएको छ । शाखा संजाललाई बृद्धि गर्नु भएको छ, संस्थाले भएको शाखालाई व्यबस्थित गरि चलाउन सुझाव दिन चाहन्छु । मर्ज गर्दा ठुलो राम्रो संस्था संग गरौं । संस्थालाई बलियो बनाई उन्नती गरौ भन्ने मेरो सुझाव छ । संस्थाले आफ्नै भवन बनाउन सुझाव दिन चाहन्छु । संस्थाको प्रगति राम्रो छ सधै राम्रो गर्न सकोस साथै साधारण सभाको सफलताको कामना गर्न चाहन्छु । धन्यवाद ।

शेयरधनी श्री शिव प्रसाद पौडेल: कम्पनीले शेयरधनीलाई १० प्रतिशत वोनश शेयर तथा कर प्रयोनार्थ ०.५३ प्रतिशत नगद लााभाश दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । शेयरको भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्नु भन्दा नजिकैको अंकमा लगि Whole अंकमा लानका लागि सुझाव दिन चाहन्छु । बजार निर्माताको लाईसेन्स लिई कारोबारको क्षेत्र बढाएकोमा बधाई छ । समयमा नै बार्षिक साधारण सभा गर्न सुझाव दिन चाहन्छु । संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको कामहरु अत्यन्तै राम्रो छ । कोरोना प्रभावितलाई सहयोग गर्ने गरि CSR अर्न्तगत सामाजिक कार्य गर्न सुझाव दिन चाहन्छु । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु, धन्यवाद ।

शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ: कम्पनीले शेयरधनीलाई १० प्रतिशत वोनश शेयर तथा कर प्रयोनार्थ ०.५३ प्रतिशत नगद लााभाश दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । समयमा नै बार्षिक साधारण सभा गर्न सुझाव दिन चाहन्छु । संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको कामहरु अत्यन्तै राम्रो छ । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु, धन्यवाद ।

शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी: कम्पनीले शेयरधनीलाई १० प्रतिशत वोनश शेयर दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । समयमा नै बार्षिक साधारण सभा गर्न सुझाव दिन चाहन्छु । संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको कामहरु अत्यन्तै राम्रो छ । यस कम्पनीको साधारण सभाको सफलताको कामना गर्दछु । भनी ईमेल मार्फत लिखित रुपमा आफ्नो जिज्ञासा राख्नु भएको थियो ।

१०. जिज्ञासा तथा सुझावहरु उपर जवाफ:
शेयरधनीहरु संग भएको छलफलको क्रममा उठेका जिज्ञासा तथा सुझाबहरु उपर संस्थाका अध्यक्ष श्री कुश प्रसाद मल्लीज्यूबाट जवाफ प्रस्तुत गर्नु भयो जो निम्नानुसार छन्:

शेयरधनीहरुले राख्नुभएको जिज्ञासा, सल्लाह तथा सुझावहरु आगामी दिनका लागि मार्गदर्शन हुनेछ । आगामी दिनमा यहाँहरुको सुझाब अनुसार गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । आजको मुख्य मुख्य जिज्ञासाको जवाफ दिन चाहन्छु ।

सर्व प्रथम हाल फैलिएको कोरोना भाईरसको दोश्रो लहरको कारणले सबै जना प्रभावित भएको छ । सबैलाई आफ्नो स्वास्थ्य सुरक्षालाई खयाल गरि स्वास्थ मापदण्ड अपनाउन हुन अनुरोध छ । गत बर्षको साधारण सभामा शेयरधनीहरु समक्ष हामीले आगामी बर्ष २ अंकको मुनाफा वितरण गर्ने प्रतिबद्धता व्यक्त गरेका थियौ सो प्रतिबद्धता बमोजिम १० प्रतिशत बोनश शेयर दिन सफल भएका छौ । तहाँको सुझाब बमोजिम आगामी बर्ष प्रतिवेदनमा अध्यक्षको मन्तव्य साथै अध्यक्षको आफ्नो धारणा तथा योजना पेश गर्ने छौ । साथै प्रतिवेदनमा अन्य १ जना संचालकको हस्ताक्षर पनि समावेश गर्ने छौ ।

संस्थाका कर्मचारीहरुलाई कोरोना भाइरसको रोग बाट संक्रमण हुन पुगेको एबं लेखापरिक्षण गर्ने टोली समेत प्रभावित हुन गएकोले लेखापरिक्षण कार्य ढिला हुन गई बार्षिक साधारण सभा ढिला हुन गएको हो । आगामी बर्षमा समयमा नै लेखापरिक्षण गर्ने प्रयास गर्नेछौं ।

सबैले मर्जरको प्रश्न गरेको हुँदा हामी सदैव मर्जरको विषयमा चनाखो भई लाग्ने व्यहोरा अनुरोध छ ।

संस्थाले आफ्नो भवनको आवश्यक्ता महसुस गरि घर जग्गा खरिद गर्नका लागि ३ पटक बोलपत्र आव्हान गरेकोमा संस्थाको आवश्यक्ता अनुसार चित्तबुझ्दो घर जग्गाको टेण्डर नपरेकोले खरिद गर्न नसकेको छ । हामी आफ्नो भवनको लागि निरन्तर रुपमा लागि रहने नै छौं । तपाईहरुको सुझाब अनुसार संस्थाले दोश्रो बजारमा लगानी गरेको ब्यहोरा अनुरोध छ ।

संस्थाको तेश्रो त्रैमासीक प्रतिवेदन NFRS अनुसार प्रकाशित गर्दा नाफा कम देखिन गएको हो संस्थाको वितरणयोग्य मुनाफा सो भन्दा बढी रहेको छ ।

गत बर्षको बार्षिक साधारण सभामा संस्थाले १० वटा नयाँ शाखा खोली कारोबार विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे बमोजिम १० वटा नयाँ शाखा खोलिएको हो । उक्त शाखाहरुलाई राम्रो संग संचालन गरिनेछ । साथै तहांबाट भएको सुझाबहरु अनुसार सुधार गर्दै जानुका साथै संस्थालाई आगामी दिनमा राम्रो बनाई लैजाने प्रतिवद्धता जाहेर गर्दछु । सबैलाई धन्यवाद ।

११. एघारौं वार्षिक साधारणसभामा सर्वसम्मतिबाट पारित भएका निर्णयहरुको विवरण:
क. सामान्य प्रस्ताव उपर निर्णय:

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको संस्थाको एघारौं बार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको आ.ब.२०७६/७७ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.ब.२०७७/७८ को लेखापरीक्षण गर्नका लागि लेखापरिक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे छलफल हुँदां लेखापरीक्षण समितिको सिफारीस बमोजिम लेखापरिक्षक एफ.सि.ए. श्री महेश्वरेन्द्र बहादुर श्रेष्ठ (एम.वि. श्रेष्ठ एण्ड कम्पनी) लाई आगामी आर्थिक वर्ष आ.ब.२०७७/७८ को हिसाब किताब लेखापरिक्षण कार्य गर्नका लागि बाहय लेखापरिक्षक (Statutory Auditor) नियुक्ति गर्ने तथा निजको पारिश्रमिक भ्याट बाहेक रु. ३,००,०००/- (अक्षरेपी तीन लाख मात्र) दिने गरेको प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७६/०७७ मा भएको मुनाफाबाट संस्थाको चुक्ता पूँजी रु. ८३,२४,१६,०६३/- को १० प्रतिशत बोनश शेयर वितरण गरिने हुँदां सो बापत कर प्रयोजनार्थ नगद लाभांश ०.५३ प्रतिशतले हुने रकम रु. ४३,८१,१३७/- शेयरधनीहरुलाई वितरण गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

ख. विशेष प्रस्ताव उपर निर्णय :
१. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७६/०७७ मा भएको मुनाफाबाट संस्थाको चुक्ता पूँजी रु. ८३,२४,१६,०६३/- को १० प्रतिशतका दरले हुने रु. ८,३२,४१,६०६/- बराबरको बोनश शेयर जारी गर्ने र सो बापत कर प्रयोजनार्थ ०.५३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने तथा बोनश शेयर वितरण गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताब पारित गर्ने निर्णय गरियो ।

२. संस्थाको एघारौं बार्षिक साधारण सभाको निर्णय बमोजिम जारि गरेको १० प्रतिशत बोनश शेयर प्रदान गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी रु. ९१,५६,५७,६६९/- (अक्षरेपी एकानब्बे करोड छपन्न लाख सत्ताउन्न हजार छ सय उनान्सत्तरी) कायम गरि प्रबन्धपत्र संशोधन गरि संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र तद्अनुरुप हुने गरि संस्थाको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन, परिमार्जन र थप गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

प्रबन्धपत्रमा संशोधन ।

साविक व्यवस्था र दफा	हाल गर्नुपर्ने संशोधन र दफा	संशोधन गर्नुपर्ने कारण र औचित्य
६ (ख) वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ८३,२४,१६,०६३/- (अक्षरेपी त्रियासी करोड चौविस लाख सोह्र हजार त्रिसठ्ठी) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- (रु. एक सय) दरका ८३,२४,१६०.६३ थान साधारण शेयरमा विभाजन गरिएको छ ।	६ (ख) वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ९१,५६,५७,६६९/- (अक्षरेपी एकानब्बे करोड छपन्न लाख सत्ताउन्न हजार छ सय उनान्सत्तरी) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- (रु.एक सय) दरका ९१,५६,५७६.६९ थान साधारण शेयरमा विभाजन गरिएको छ ।	संस्थाल १० प्रतिशत बोनश शेयर जारि गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीं अनुसार मिलान गरिएको ।
६ (ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु. ८३,२४,१६,०६३/- (अक्षरेपी त्रियासी करोड चौविस लाख सोह्र हजार त्रिसठ्ठी) हुनेछ ।	६ (ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु. ९१,५६,५७,६६९/- (अक्षरेपी एकानब्बे करोड छपन्न लाख सत्ताउन्न हजार छ सय उनान्सत्तरी) हुनेछ ।	

३. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

४. प्रबन्धपत्र संशोधनमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

५. विविध विषयमा कुनै पनि प्रस्ताव नभएको जानकारी सभामा गराइयो ।

१२. सभा विसर्जन
कार्यक्रमको अन्त्यमा सभापतिज्यूले साधारणसभा सफलतापूर्वक संचालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा अन्य उपस्थित महानुभावहरु सबैलाई धन्यवाद दिंदै सभापतिले सभा विसर्जन भएको घोषणा गर्नु भयो र सभा विसर्जन भयो ।

युज कुमार भैल कम्पनी सचिव	कुश प्रसाद मल्ली अध्यक्ष

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: +977-1-4223117, 4261104, 4261041, 4261167
Fax: +977-1-4220698, Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np